नेपाल सरकार

# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(सूचना तथा प्रविधि शाखा)

पत्र संख्या : ०७६/०७७
चलानी नं. : ४९०

मिति : २०७७।३।९

विषयः स्थानीय तहसँग सम्वन्धित सुझाव कार्यान्वयन प्रगति सम्वन्धमा ।

श्री स्थानीय तहहरु — ७५३ (सवै) ।

प्रस्तुत विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, अनुसन्धान महाशाखा नं. ४ को प.सं. ४ स्थानीय । ०७६ । ०७७ च.नं. ९५०० मिति २०७६।८।१५ को पत्रानुसार प्रदेश तथा स्थानीय तहहरुवाट पूर्वाधार विकास निर्माण तथा सार्वजनिक सेवा प्रवाह लगायतका कार्यहरु गर्दा अनियमितता एवं भ्रष्टाचारजन्य क्रियाकलाप भएको भनी प्राप्त भएका उजुरीहरुको छानविन, अनुसन्धान र तहकिकात गर्दा देखिएका विभिन्न सवालहरुलाई विश्लेषण गरी सम्मानित आयोगवाट प्राप्त ६१ वुँदे सुझावहरु कार्यान्वयन गर्न गराउन यस मन्त्रालयको मिति २०७६।८।१५ च.नं. २३० को मन्त्रालयको वेभसाईट मार्फत प्रेषित पत्र विदितै होला ।

उक्त सुझावहरुको कार्यान्वयनको प्रगति सम्मानित अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मिति २०७७।३।२ च.नं. २१३९३ को पत्रानुसार माग भई आएको हुँदा आयोगको पत्रसाथ संलग्न ढाँचामा उक्त सूझावहरुको प्रगति १० (दश) दिन भित्र यस मन्त्रालयमा उपलव्ध गराउनु हुन निर्णयानुसार अनुरोध छ ।

शेखर निधि पौड्याल
शाखा अधिकृत

वोधार्थः
श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोग,
अनुसन्धान महाशाखा नं. ४ ।

# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

टङ्गाल, काठमाडौं
अनुसन्धान महाशाखा नं. ४

visit nepal 2020 Lifetime Experiences

पत्र संख्या :- ४ स्थानीय।०७६।७७

चलानी नं. :- 29353

स्थानीय तह क्षमता बिकास महाशाखा
दर्ता नं. 360
मितिः 3/6

मिति:२०७७।०३।०२

सूचना तथा प्रविधि शाखा
दर्ता नं. 3682
मिति 077/3/2

विषयः स्थानीय तहसँग सम्बन्धित सुझाव कार्यान्वयन प्रगति सम्बन्धमा ।

अत्यन्त जरुरी/गोप्य

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौं।

अख्तियार दुरूपयोग अनुसन्धान आयोग र मातहतका कार्यालयहरूमा प्रदेश तथा स्थानीय तह (गाउँपालिका र नगरपालिका)हरूबाट पूर्वाधार विकास निर्माण तथा सार्वजनिक सेवा प्रवाहलगायतका कार्यहरू गर्दा अनियमितता एवं भ्रष्टाचारजन्य क्रियाकलाप भएको भनी प्राप्त भएका उजुरीहरूको छानविन, अनुसन्धान र तहकिकात गर्दा देखिएका विभिन्न सवालहरूलाई अध्ययन विश्लेषण गरी यसैसाथ संलग्न बमोजिमका सुझावहरु अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २८ अनुसार कार्यान्वयन गर्न/गराउन आयोगको मिति २०७६/०८/१३ को निर्णयानुसार पठाइएको व्यहोरा तहाँ विदितै छ। आयोगबाट दिइएको सुझावहरुको कार्यान्वयन सम्बन्धमा संलग्न ढाँचा बमोजिम कार्यान्वयन प्रगति १५(पन्ध्र) दिनभित्र उपलब्ध गराइदिनुहुन मिति २०७७/०३/०१ को निर्णयानुसार अनुरोध छ।

पुनश्चः ६१ बुँदे सुझावहरु http://www.ciaa.gov.np/singlePublications/107 बाट पनि डाउनलोड गर्न सकिने र थप विषयमा आयोगको सम्पर्क नं. ०१५२६२१३७ मा सम्पर्क गरी थप बुझ्न सकिने व्यहोरा समेत अनुरोध छ।

(महेश पराजुली)
उपसचिव

श्री [illegible]

फोनः ५२६२१८०, ५२६२२४७, टोलफ्रि नं. : १६६०-०१-२२२३३, फ्याक्स : ५२६२१२८, ५२६२१०४, E-mail : akhtiyar@ntc.net.np

# सुझाव कार्यान्वयन प्रगति पठाउने ढाँचा

| सि.नं. | सवालहरु | सुझाव कार्यान्वयनको अवस्था/प्रगति | कार्यान्वयनको क्रममा आइपरेका समस्याहरु | समस्या समाधान गर्न चाल्नु पर्ने कदमहरु |
|---|---|---|---|---|
| १ | बूँदा नं. १ को सम्बन्धमा | | | |
| २ | बूँदा नं. २ को सम्बन्धमा | | | |
| ३ | बूँदा नं. ३ को सम्बन्धमा | | | |
| ४ | बूँदा नं. ४ को सम्बन्धमा | | | |
| ५ | बूँदा नं. ५ को सम्बन्धमा | | | |
| ६ | बूँदा नं. ६ को सम्बन्धमा | | | |
| ७ | बूँदा नं. ७ को सम्बन्धमा | | | |
| ८ | बूँदा नं. ८ को सम्बन्धमा | | | |
| ९ | बूँदा नं. ९ को सम्बन्धमा | | | |
| १० | .................................. | | | |

नोटः माथि उल्लेख भए अनुसारको ढाँचामा बुँदा नं. १ देखि ६१ सम्मका सुझावहरुको प्रगति विवरण उपलब्ध गराइदिनहुन अनुरोध।